**नमुना प्रश्न-४**

**विषय : नेपाली - १२**

**पूर्णाङ्क : ७५**
**उत्तीर्णाङ्क : ३०**

*विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ ।*

**सबै प्रश्नहरूको उत्तर दिनुहोस् :**

१. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् :** ३

म अग्रिम र तेन्जिङ घुम्न बगैँचामा गयौँ । त्यहाँ पुग्नेबित्तिकै "आहा ! कति सुन्दर बगैँचा रहेछ, हेर त" तेन्जिङ्ले भन्या । "हो धेरै सुन्दर छ" मैले जवाफ दिएँ ।

२. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** ३

शहकारी लोकतान्त्रीक सँस्था हुन् । सहकारी का सदस्य आफ्नो संस्थाको निती तय गर्ने र निरणय गर्नमा सक्रिय रूपमा सहभागी हुन्छन् ।

**३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २

**(क) दिइएको अनुच्छेदबाट एकओटा परिभाषिक शब्द र एकओटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

आज जिल्ला प्रहरी कार्यालयमा सरजमिन गर्ने तारिख हो । हरिले श्रीमतीलाई फटाफट खाना पकाउन भन्यो । खाना पाकेपछि कपाकप खाएर कार्यालयमा गयो ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

हामी छिमेकमा मिलेर बस्नुपर्छ । जिउँदाको जन्ती मर्दाको मलामी भनेझैँ छिमेकी सधैँ चाहिन्छन् । आफू भलो त जगतै भलो गरेर हिँड्ने बानीले दुस्मनको आँखा लाग्यो भने गाउँ नै सोतर हुन के बेर ।

**४. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गर्नुहोस् :** ३

धेरै पहिले हलेसी धाम रहेको गाउँमा धना जङ्गल थियो । त्यहाँ अनेक जङ्गली जनावर थिए । किंवदन्तीअनुसार धेरै अगाडि हलेसी गैरीगुठका वाग्वंशी राई कुकुर र केही साथी लिएर सिकार खेल्दै हलेसी महादेव गुफाको छेउमा पुगेछन् । त्यो अनकन्टार जङ्गलमा एउटा सुन्दर मृग देखापरेछ र वाग्वंशीको कुकुरले त्यो मृगलाई लखेट्न लागेछ ।

**५. तलको अनुच्छेदबाट दुईवटा तत्सम र दुईवटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :** २

अक्षता हेरेझैँ टपरीका फाइल हेर्दै हार्डडिस्कमा राख्दै गर्न थाल्यो एन्टिभाइरस गोर्खे । आधाजति पुऱ्याएपछि राक्षसजस्तो घिनलाग्दो देखिने भाइरस भेट्यो । ती भाइरसले लगभग चारसय फाइलमा सङ्क्रमनमा गरेका थिए । पुरै फाइल मर्मत भए, मर्मत हुन नसकेकालाई एन्टिभाइरस गोर्खेले डिलिट गर्ने सुझाव दियो ।

**६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ३

**(क) तलको अनुच्छेदबाट तिनवटा उपसर्ग व्युत्पन्न र तिनवटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस्:**

सुखी र समृद्ध जीवनका लागि सुस्वास्थ्य अपरिहार्य कुरा हो । समुचित आहार विहारबाट सु-स्वास्थ्यको प्राप्ति हुन्छ । पूर्वीय संस्कृतिको के मान्यता छ भने आहार र विहारमा ध्यान दिने हो भने स्वास्थ्यको संरक्षण गर्न कठिनाई हुँदैन ।

**(ख) तलको अनुच्छेदबाट तिनओटा समस्त शब्द र तिनओटा द्वित्व शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको दोहोरिएको अंश देखाउनुहोस् :**

तिहारमा आ-आफ्नो घरमा मरमसला र सेलरोटी पकाउँछन् । आपसमा झैझगडा र वैमनस्यतालाई त्यागी दहीअक्षता जौँतिल पञ्चामृत र फूलमालाले यमराजको पूजा गर्छन् । भाइटिकाको दिन दिदीबहिनी र दाजुभाइले सयपत्री र मखमलीको माला लगाउँछन् अनि दिदीबहिनीले ल्याएको खरखजाना खाई उपहार साटासाट गर्छन् ।

**७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

**(क) तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको कारक पत्ता लगाई नाम लेख्नुहोस् :**

सुमन बल खेल्न पत्रिका बेच्छ । आमा मानाले माग्नेलाई चामल दिनुभयो । बिरालवो छानाबाट हामफाल्दा चरो रूखमाथि बस्यो । यी सबै हेरिरहनुभएको हजुरबुबाले भाइलाई कलम उपहार दिनुभयो ।

**(ख) दिइएको अनुच्छेदका वाक्यहरूलाई पुलिङ्गमा परिवर्तन गर्नुहोस् :**

उनी सोलुमा जन्मिएकी हुन् । उनी निकै पहिला काठमाडौँ पसेकी थिइन् । उनी अहिले गाउँमा बस्दिनन् । उच्च शिक्षा सकिएपछि पनि राजधानीमै कार्य गर्छिन् ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

(क) भविष्यत् कालका भिन्नभिन्न पक्षको प्रयोग गरी चारवाक्यमा दश वर्षपछिको आफ्नो गाउँको बारेमा वर्णन गर्नुहोस् ।

(ख) दिइएको अनुच्छेदलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :

जीवनमा धेरै दुःखसुख भोगियो । धेरै अनुभव गरियो । कहिले खुसीले हाँसियो । कहिले साथीभाइसँग नाचियो ।

**९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

**(क) तलका चारवटा जटिल वाक्यहरूलाई आठवटा सरल वाक्यमा परिवर्तन गर्नुहोस् :**

मेरो काकाले व्यापार गरेर धेरै पैसा कमाउनुभयो । उहाँले बाढीले भत्काएको विद्यालय भवन पुनः निर्माण गराउनुभयो । त्यस विद्यालयमा धेरै विद्यार्थीहरू अध्ययन गर्ने हुनाले शिक्षक कर्मचारी पनि धेरै छन् । जब विद्यालय भवन पुनः निर्माणको कुरा आउँछ तब हाम्रो काकालाई धेरैले सम्झन्छन् ।

**(ख) तलका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

गुरुले भन्नुभयो "पढाइ त राम्रो छ ।"<br>
विद्यार्थीले भने "हजुरको प्रेरणाले नै हामी राम्रो पढ्नसक्ने भएका हौँ ।"<br>
गुरुले भन्नुभया "तिमीहरू निकै मिहिनेती छौँ ।"

विद्यार्थीले भने “हामी सक्दो मिहिनेत गर्छौं ।”

**१०. दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :** **५**

जङ्गबहादुरको बेलायत यात्रा कमल दीक्षितद्वारा सम्पादित (२०१४) यात्रा साहित्य हो । यसमा नेपालको इतिहासमा राणाशासनका आरम्भकर्ता जङ्गबहादुर आफ्नो शासनकालमा १९०६ माघ ४ देखि १९०७ सम्म बेलायत, फ्रान्समा गरेको यात्रालाई मुख्य विषयवस्तु बनाई निबन्धात्मक रूपमा प्रस्तुत गरिएको छ । जङ्गबहादुरले अङ्ग्रेजले ‘जङ्गबहादुरको बेलायत यात्रा’ शासन विस्तार गरी भारतसम्म आएको अवस्थामा नेपालमाथि पनि आक्रमण गर्ने शङ्कामा उसको शक्ति सामर्थ्य के कस्तो छ त्यहाँका मान्छेहरूको अवस्था कस्तो छ भन्ने बुझी बेलायतसँग सम्बन्ध विस्तार गर्ने उद्देश्यले भ्रमण गरेको देखिन्छ । जङ्गबहादुर आफ्ना भाइहरूका साथै पच्चीस सदस्यीय टोलीका साथ चिसापानी नाका हुँदै घटना, कलकत्ता श्रीलङ्का, इजिप्ट माल्य, अलेक्जन्ड्रिया हुँदै बेलायत पुगेर ६ महिना बसी त्यहाँको खानपिन, रहनसहन, बन्दोबस्ती, शिक्षा, उद्यो, व्यापार, व्यवसाय, मनोरञ्जन, ऐन कानुन, आदिका बारेमा जानकारी लिई बेलायतसँग सम्बन्ध विस्ताार गर्दै फ्रान्सको बाटो भएर पुनःभारतको बम्बई तथा बनारस आएर गङ्गा स्नान गरेर द्वारिकानाथ, रामनाथको दर्शन गरी बनारसका कुटुक महाराजकी छोरीसँग विवाह गरेर नेपाल फर्किएको घटनालाई समायोजन गरी प्रस्तुत कृति तयार पारिएको छ । उक्त कृति त्यसै भ्रमणदलका कुनै सदस्यले रचना गरेको मानिन्छ । प्रस्तुत कृतिमा युगलाई प्रतिबिम्बित गर्ने राजनीतिक सामाजिक, साँस्कृतिक, ऐतिहासिक, शैक्षिक, दार्शनिक भौगोलिक, राष्ट्रिय औद्योगिक, आर्थिक लगायतका विविध पक्षलाई सरल, स्वाभाविक र सहज तरिकाले चित्रण गरिएको छ ।

**प्रश्नहरू**

(क) जङ्गबहादुरको बेलायत यात्राको मुख्य विषयवस्तु के हो ?
(ख) जङ्गबहादुरको बेलायत यात्राको सम्पादन कसले गरेका हुन् ?
(ग) जङ्गबहादुरको बेलायतको भ्रमण किन गरेका हुन् ?
(घ) जङ्गबहादुरले बेलायत यात्रा गर्दा अन्य कुन कुन देशको भ्रमण गरे ?
(ङ) जङ्गबहादुरको बेलायत यात्रा कृतिमा कस्ता कुराको वर्णन गरिएको छ ?

**११. दिइएको अनुच्छेद पढी मुख्य मुख्य चारवटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :** **२+३ = ५**

सहकारीको उपादेयता समाजका हरेक क्षेत्रमा उत्तिकै भए पनि आर्थिक समृद्धि र विकासमा यसको महत्व निकै विशिष्ट रहेको छ । विकासको मुख्य आधार आर्थिक समृद्धि हो । विकासका लागि आवश्यक आर्थिक समृद्धिमा सहकारीको भूमिका अपरिहार्य ठानेर नै संसारका अविकसित, विकासोन्मुख र विकसित सबै देशले सहकारीको स्थापना र सञ्चालन गरिरहेका छन् । धेरै देशले सहकारीका माध्यमबाट आर्थिक समृद्धि हासिल गरिसकेका छन् । संयुक्त राष्ट्र सङ्घले पनि सहकारीलाई आर्थिक, सामाजिक र साँस्कृतिक विकासको आरम्भस्तम्भ स्वीकार गर्दै सबै देशलाई यसका माध्यमबाट आफ्नो देशको विकास गर्न सकिने भएकाले यसको अनुशरण गर्न सुझाव दिएको छ ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **४**

(क) खेलकुद परिषद्का तर्फबाट राष्ट्रिय स्तरको भलिबल प्रतियोगिताका विजयी खेलाडीहरूलाई दिइने ‘बधाई’ ज्ञापनको नमुना तयार पार्नुहोस् ।
(ख) आफ्नो जग्गामा रहेको ढुङ्गा खानीबाट आफ्नै टोलमा सार्वजनिक शौचालय निर्माणका लागि चाहिने ढुङ्गा निकाली लैजानका लागि वडा कार्यालयलाई दिएको मन्जुरीनामा तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस्:** **५**

(क) राजमार्गमा भएको कुनै बस दुर्घटनाको वर्णन गरी १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।
(ख) ‘बढ्दो महङ्गी शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् :** **४**

(क) यो हिउँ मेरो थियो; मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो ।
(ख) मेरो छोराछोरी मेरा लागि चन्द्र र सूर्य हुन् ।

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।** **४**

(क) दिइएको कविताांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

मर्नैपर्छ भने पनि पर पुगी मरौँ
नझुक्ने यो हिमालमा किन सुकी मरौँ
जति चढ्यो उति बाँकी हिमचुली शिखर
नदेखेको कुरा हेर्ने हामीलाई रहर

**पंश्नहरू**

(क) माथिको कविताांशमा नेपालीको कस्तो मानसिकताको चित्रण गरिएको छ ?
(ख) नेपालीले हिमचुलीबाट कस्तो प्रेरणा प्राप्त गरेका छन् ?

**(ख) दिएको संवादांश पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

हेर घनश्याम प्राकृतिक सौन्दर्यको मात्रै कुरा गर्ने हो भने पनि नेपालका हिमाल, जङ्गल र चरा मात्रै भनेर पुग्दैन । यहाँ असङ्ख्य पहाड, अन्नको भण्डार, तराई, नदी ताल, उपत्यका, सिमसार, जैविक विविधता आदि थुप्रै कुरा छन् । नेपाल आउने पर्यटक सबै हिमाल हेर्न र आरोहण गर्न आउने होइनन् नि । पर्यटनका पनि विभिन्न किसिमका छन् भन्ने तिमीलाई थाहै छ । त्यसमध्ये साँस्कृतिक पर्यटन पनि त एक हो । नेपाल जस्तो सानो ठाउँमा सयौँ जाति सयौँ भाषा सयौँ संस्कृतिको अध्ययन गर्न पाउनु साँस्कृतिक पर्यटकका लागि ठुलो अवसर हो नि । त्यसैले नेपालको विविधतासँग पर्यटकको सरोकार हुने भएन र ?

**प्रश्नहरू**

(क) नेपालको प्राकृतिक सौन्दर्यभित्र के के कुरा पर्छन् ?

(ख) नेपालमा साँस्कृतिक पर्यटनको कस्तो सम्भावना छ ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

(क) स्टिफन विलियम हकिङ्ले मानवीय चेतनालाई नयाँ उचाइमा पुऱ्याउन गरेको योगदान तपाईँलाई कस्तो लाग्यो प्रतिक्रिया दिनुहोस् ।

(ख) संयुक्त राष्ट्रसङ्घले संसारका सबै देशलाई सहकारीको स्थापना र सञ्चालन गर्न दिएको सुझावबारे आफ्ना धारणा व्यक्त गर्नुहोस् ।

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** ८

(क) 'एक चिहान' उपन्यासमा नेपाली समाजको कस्तो अवस्थाको चित्रण गरिएको छ ? स्पष्ट पार्नुहोस् ।

(ख) आमाको सपना के हो ? र कसरी साकार हुन सक्छ समीक्षात्मक उत्तर दिनुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तिमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।** ८

(क) मेरो पृथ्वी : मेरो देश

(ख) नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको भूमिका

(ग) मेरो जीवनको लक्ष्य